नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति।

मि.नं.-३३५ दायर मिति-: २०८२/०१/१०

फैसला मिति:-२०८२/०६/२३

| वादी | प्रतिवादी |
| --- | --- |
| जलेन्द्र प्रसाद यादव समेतको जाहेरीलेवादी नेपाल सरकार----१ | जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नं.१ बुनियाद टोल बस्ने सरुफ महतो धानुकको छोरा  वर्ष ३३ को सरोज कुमार मण्डल.......१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले हाकी चलाई ल्याएको ना.२९प. ३२७२ नम्बरको मोटरसाईकलले ठक्कर दिई छोटेलाल राउत अहिरको शरीरको विभिन्न अंगहरुमा चोट लागि पिठ्युको हड्डी भाँचिएको र नरेश प्रसाद यादवको बाँया हात र दाहिने खुट्टा समेत भाँचीई अङ्गभङ्ग भएको भन्ने व्यहोराको जलेन्द्र प्रसाद यादव समेतको जाहेरीलेदरखास्त ।

२. प्रतिवादीले हाकी चलाई ल्याएको ले ठक्कर दिई छोटेलाल राउत अहिर र नरेश प्रसाद यादव घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने घटनास्थल मुचुल्का ।

३. अपोलो अर्थो ट्रमा सेन्टर प्रा.लि. र नेपाल मेडिसिटी वयोधा हस्पिटलको पत्र।

४. सडक दुर्घटना प्रतिवेदन ।

५. मैले हाकी चलाई ल्याएको ना.२९प. ३२७२ नम्बरको मोटरसाईकलले ठक्कर दिई छोटेलाल राउत अहिर र नरेश प्रसाद यादव घाईते भएको र उचारको निजहरुलाई तत्कालै उद्धार गरी उपचारको लागि अस्पताल तर्फ पठाएको र मलाई तत्काल प्रहरीले नियन्त्रमा लिएको  भन्ने प्रतिवादीको बयान कागज ।

६. प्रतिवादीले हाकी चलाई ल्याएको ले ठक्कर दिई छोटेलाल राउत अहिर र नरेश प्रसाद यादव घाईते भएको र उपचारको लागि अस्पताल तर्फ पठाईएको भन्ने समेतको नागेन्द्र प्रसाद यादवको घटनाविवरण कागज ।

७. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

८. प्रतिवादीले यस कार्यालयमा आई गरेको साबिती बयान ।

९. जि.स.व.का., पर्सा मार्फत प्राप्त भएको जाहेरवाला पक्ष र प्रतिवादी पक्ष बिच भएको उपचार खर्चका सम्बन्धमा भएको मिलापत्र कागज ।

१०. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

११. जाहेरवालाहरु र घाईतेहरु यस कार्यालयमा उपस्थित गरेको बकपत्र ।

१२. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा हामी जाहेरवालाहरु मध्येका हिरालाल प्रसाद यादवको बुवा बर्ष ६५ को छोटेलाल राउत अहिर र जलेन्द्र प्रसाद यादवको बुवा बर्ष ४१ को नरेश प्रसाद यादव समेत घरबाट भैंसी चराउन मिति २०८१।१२।१२ गते दिउँसो गाउँदेखी पश्चिम ढोगही नदीको बगरतिर जानु भएकोमा ऐ. अं. १७:०० बजेको समयमा जिल्ला पर्सा बिन्दबासिनी गाउँपालिका वडा नं.२ बहुअर्वाभाठा ढोगही नदीको पुल नजिकै हुलाकी सडक खण्डको पश्चिम छेउमा रहेको सिसौको रुख नजिकै बसिरहेको अवस्थामा प्रतिवादी सरोज कुमार मण्डलले नशालु पदार्थ सेवन गरी उत्तरदेखी दक्षिण जान तिब्र गतिमा लापरबाही पूर्वक चलाई आएको ना.२९प. ३२७२ नम्बरको मोटरसाईकलले हाम्रो बुवाहरुलाई ठक्कर दिंदा छोटेलाल राउत अहिरको शरीरको विभिन्न अंगहरुमा चोट लागि पिठ्युको हड्डी भाँचिएको र नरेश प्रसाद यादवको बाँया हात र दाहिने खुट्टा समेत भाँचीई अङ्गभङ्ग भएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको हिरालाल प्रसाद यादव समेतको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी

गरेको बयान, यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान र जाहेरवालहरु समेत यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र समेतको आधारमा यी प्रतिवादी सरोज कुमार मण्डलबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ले व्यवस्था गरे अनुरुप सोही ऐनको १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला तथा घाईतेलाई दिलाई भराउनु पर्नेमा प्रस्तुत वारदातमा घाईते भएका छोटेलाल राउतको उपचारमा रु.३,२३,१९०/- (तीन लाख तेईस हजार एकसय नब्बे ) र नरेश प्रसाद यादवको उपचारमा रु.२०,०८९/-(बीस हजार उनान्नब्बे) खर्च भएको मिसिल संलग्न बिल भरपाईबाट देखिन्छ । घाईतेहरुको औषधी उपचार खर्च वापतको उल्लेखित रकम समेत सवारी धनी पक्षबाट घाईते पक्षले पाएको नदेखिंदा हाल पेश भएका औषधी उपचार खर्च सम्बन्धी बिल भरपाई बमोजिमको जम्मा रकम रु. ३,४३,२७९।- (तीनलाख त्रिचालिस हजार दुई सय उनान्नब्बे) र अंगभंग वापतको क्षतीपूर्ती समेत यी प्रतिवादी सरोज कुमार मण्डलबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ले व्यवस्था गरे अनुरुप सोही ऐनको १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला तथा घाईतेलाई दिलाई भराई पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट क्षतिपूर्ति शुल्क वापतको रकम निर्धारण गरी ऐ. ४१(५) बमोजिम पीडित राहत कोषमा जम्मा गराई पाउन समेत भनि वादी नेपाल सरकारको अभियोग दावी रहेकोमा घाईतेहरुलाई हालसम्म उपचारमा लागेको बिलभरपाई अनुसारको सम्पूर्ण खर्च तथा उचित क्षतिपूर्ति समेत मोटरसाईकल धनीको तर्फबाट पाईसकेको, अपचार खर्च तथा अन्य कुनै क्षतिपूर्ति सम्बन्धमा मागदावी नरहेको र अब उप्रान्त यो बिषयलाई लिएर कहि कतै उजुर वाजुर नगर्ने भनी घाईते पक्ष र प्रतिवादीपक्ष विच भएको मिलापत्र र इलाका प्रहरी कार्यालय पोखरियमामा पेश भएको संयुक्त निवेदन जिल्ला सरकारी कार्यालय, पर्सा मार्फत पेश हुने आएकोमा जाहेरवाला पक्ष र प्रतिवादी पक्ष समेत यस कार्यालयमा उपस्थित भई क्षतिपूर्तिका सम्बन्धमा मागदावी नरहेको र अब उप्रान्त यो बिषयलाई लिएर कहि कतै उजुर वाजुर नगर्ने भनी सनाखत गरेको तथा सोही व्यहोराको घाईतेहरुसमेतले यस कार्यालयमा उपस्थित भई बकपत्र गरेको हुँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ले व्यवस्था गरे अनुरुप सोही ऐनको १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला तथा घाईतेलाई दिलाई भराई दिने क्षतिपूर्तिका सम्बन्धमा केही गरी रहनु परेन । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट रु.१३७३१/- अक्षरेपी तेह्र हजार सात सय एक्तिस मात्र हुने समेत ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सरोज कुमार मण्डलबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ले व्यवस्था गरे अनुरुप सोही ऐनको १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला तथा घाईतेलाई दिलाई भराई दिने क्षतिपूर्तिका सम्बन्धमा केही गरी रहनु परेन । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम निर्धारण भएको क्षतिपूर्ति शुल्क रु.१३७३१/- प्रतिवादीबाट पीडित राहत कोषमा दाखिला गराउनु --------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------१

तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी

**ईति सम्बत् २०८२ असोज महिना २३ गते विहीवार रोज ५/ ने.सं. ११४५ कौलागा तृतिया, शुभम्** ........